लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय

☎ ०८६-४६०१४३
sddo.pyuthan1@gmail.com
www.sddopyuthan.lumbini.gov.np

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर:- ३२९

## विद्यालय स्वास्थ्यकर्मी पदका लागि दरखास्त दिने सम्बन्धी सूचना।
(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/२७ गते)

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमका लागि तपसिल बमोजिमका विद्यालयहरुमा स्वास्थ्यकर्मी आवश्यकता परेको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा **विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि, २०८२ को अनुसूची ३** बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

**पद : विद्यालय स्वास्थ्यकर्मी**

| क्र. स. | विद्यालयको नाम | ठेगाना | आवश्यक संख्या |
|---|---|---|---|
| १ | श्री मुक्ति मा. वि. | प्यूठान न.पा. ३ प्यूठान | १ जना |
| २ | श्री माण्डवी मा. वि. | माण्डवी गा.पा. ३ प्यूठान | १ जना |
| ३ | श्री सरस्वती मा. वि. | सरुमारानी गा.पा. १ प्यूठान | १ जना |
| ४ | श्री गावै मा. वि. | नौबहिनी गा.पा. ५ प्यूठान | १ जना |
| ५ | श्री गोकुल मा. वि. | लुङ्ग्री गा.पा. २ रोल्पा | १ जना |

**दरखास्त दिने स्थान:** सामाजिक विकास डिभिजन कार्यालय बिजुवार, प्यूठान।

**दरखास्त दिने अन्तिम मिति:** २०८३/०१/११ गते सम्म।

**दरखास्त फाराम:** यसै कार्यालयको वेबसाईट **Sddopyuthan.lumbini.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

**दरखास्त दस्तुर :** नि:शुल्क

**न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा **HA/Staff Nurse** कोर्ष उत्तीर्ण गरेको, दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको नेपाली नागरिक हुनु पर्नेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजात:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, समकक्षता प्रमाणपत्रको प्रतिलिपी (आवश्यक पर्नेमा), चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित परिषदको लाईसेन्सको प्रतिलिपी, स्थानीय तहमा बसोवास गरेको प्रमाण देखिने र खुल्ने कागजातहरु (विवाह दर्ता, बसाईसराई), बसाईससराईको प्रमाणपत्र (बसाईसराई भएको हकमा मात्र), रीत नपुगेको दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।

**परीक्षाको किसिम र आधार:** आवश्यक न्यूनतम शैक्षिक योग्यता बापत २०अंक, अनुभव बापत ५अंक, भौगोलिक बसोबास बापत १०अंक र अन्तर्वार्ता बापत १५अंक हुनेछ। भौगोलिक बसोबास बापतको अंकको गणना नागरिकतामा उल्लेखित ठेगानाको आधारमा गरिने र यदि नागरिकताको ठेगाना र हाल बसोबासको ठेगाना फरक भएमा सम्बन्धित स्थानीय तहबाट जारी भएको बसाईसराईको कागजातको आधारमा भौगोलिक बसोबास बापतको अंकको गणना गरिनेछ। आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव र भौगोलिक बसोबास बापतको कुल प्राप्ताङ्कको आधारमा छोटो सूचीमा परेका उम्मेदवार मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन्।

**सेवा सुविधा:** विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि, २०८२ मा तोकिए बमोजिम हुनेछ।

**पदस्थापनको आधार:** अन्तिम नतिजामा प्राप्त योग्यताक्रमका आधारमा यसै सूचनामा तोकेको रिक्त विद्यालयमा पदस्थापन गरिनेछ।

राम करन पाल
नि. कार्यालय प्रमुख